प्रस्तावहरु :

१. पूर्णरुपमा लकडाउन गर्ने।
२. अनावश्यक सवारी साधन संचालन कार्य बन्द गर्ने।
३. सावुन, ह्यान्ड वास सेनीटाईजर, मास्क र थर्मो गन खरिद गर्ने।
४. हेल्प डेस्क संचालन गर्ने।
५. एम्बुलेन्स संचालन गर्ने।
६. जनचेतनाको लागि एम्बुलेन्स परिचालन गर्ने।
७. २० फोल्डीङ खाट र ४० ओटा कम्बल खरिद गर्ने।
८. स्वास्थ्य कर्मीको सिफारिसमा एम्बुलेन्स भाडा भुक्तानी गर्ने।
९. कृतिम अभाव शृजना हुन नदिन पहल गर्ने।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका पूर्णरुपमा लकडाउन गर्ने र सोको अनुगमन वडा स्तरीय समन्वय समितिले अनुगमन गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा अनावश्यक रुपमा संचालनमा रहेका सवारी साधन (मोटर बाईक, अटो, ट्र्याक्टर, सुमो, बस लगायत) पूर्ण रुपमा बन्द गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र रहेका आकस्मिक सेवा प्रदायक संस्थाहरु (स्वास्थ्य संस्था, वडा कार्यालय, विद्यालय, लगायतका स्वास्थ्य सेवा संग सम्वन्धित कार्य गर्ने संस्थाहरु)लाई ह्यान्ड वास सेनीटाईजर, मास्क, थर्मो गन, PPE उपलब्ध गराउने तथा गा.पा. भित्रमा सर्वसाधरणहरुको निम्ति सावुन खरिद गरी वितरण निर्णय गरियो।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको तपसिल बमोजिमका स्थानहरुबाट हेल्प डेस्क संचालन गर्ने निर्णय गरियो।

   तपसिल :

   क) बागमती गा.पा. वडा नं.-८, शान्तिपुर स्थित मूख्य राजमार्गमा
   ख) बागमती गा.पा. वडा नं.-२, राईगाउँ
   ग) बागमती गा.पा. वडा नं.-५, भोर्लेनी
   घ) बागमती गा.पा. वडा नं.-९, बेतिनी
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सम्भावित बिरामीहरुलाई स्वास्थ्य संयोजक र प्रहरी प्रमुखको निगरानीमा स्वास्थ्य संस्थाहरुसम्म पुर्याउन एम्बुलेन्स सेवा संचालन गर्ने र दैनिक रिपोर्टिङ गर्ने निर्णय गरियो।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोरोना भाइरसबाट सचेत रहनका जनचेतना जगाउने खालका सूचना प्रशारणका लागि एम्बुलेन्स प्रयोग गर्ने निर्णय गरियो।
७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गा.पा.भित्र क्वारेन्टाइन निर्माणको लागि २० ओटा फोल्डीङ खाट, ४० ओटा कम्बल लगायतका आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो।